# वार्षिक प्रतिवेदन

कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## आ.व. २०७८/०७९

## महिला तथा बालबालिका शाखा

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

# पृष्ठभुमिः-

अनभिज्ञ, विपन्न, विभेदित ग्रामिण महिलाहरुको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आम अवसरमा पहुँच स्थापना गर्ने उद्देश्यका साथ छैठौं योजना (२०३८/०३९) देखि सञ्चालनमा आएको महिला विकास कार्यक्रम ग्रामीण विपन्न महिलाहरुको आर्थिक-सामाजिक अवस्थामा सुधार गर्ने पहिलो उल्लेखनिय प्रयास थियो ।

खास गरि महिला र बालबालिकाहरुको जीवनमा परिवर्तन ल्याउन महलाको हातमा आर्थिक स्रोत अपरिहार्य हुन्छ भन्ने मनन् गरी ५ वटा जिल्लाका ५ वटा गाविस बाट महिला सशक्तिकरणको यो अभियान शुरु भई हाल परिमाजित रुपमा विभिन्न गतिविधिहरु सहित ७७ जिल्लाका सबै स्थानिय तहमा विस्तारको क्रममा रहेको छ । शुरुमा पेवा बढाउनाका लागि सहुलियत पुर्ण ऋणमा बढी जोड दिइएको थियो भने हाल आएर महिलाको वैयक्तिक, आर्थिक सामाजिक पक्षको सशक्तिहरुमा जोड दिइएको छ। आजको महिला विकास कार्यक्रम उत्पादन कर्जाको उद्देश्य भन्दा सदस्यहरुको वहुआयामिक विकासको वैकल्पिक अवसरको रुपमा सञ्चालित छ ।राष्ट्रिय प्राथमिकता प्राप्त यो कार्यक्रमको रचना महिलाको लागि महिला द्वारा नै एक अर्काको सहयोगी भएर सङ्गठनिक विकासको प्रक्रियाबाट महिला सशक्तिकरणको अभियानलाई अग्रगति दिने गरि भएको छ ।

महिला विकास कार्यक्रम बस्तुतः लैङ्गिक समानताका पक्षमा सामाजिक परिचालन हो । कार्यक्रममा प्रत्येक व्यक्ति सशक्तोग्य हुन्छ भन्ने मानव विकासको मान्यता राखिएको छ । हालसम्म कार्यक्रममा आवद्ध महिलाको सङ्ख्या १२ लाख नाघेको छ , जसमा दलित समुदाय र सीमान्तीकृत अन्य समुदायका महिलाको सहभागिता पनि उल्लेखनिय रहेको छ ।कार्यक्रममा विपन्न महिलालाई नै परिवर्तनका मुख्य संवाहक मानिएको छ । कार्यक्रमका सहभागी महिलाको वैयक्तिक, आर्थिक र सामाजिक सशक्तिकरणको न्यूनतम स्तरका साथै निकटवर्ती सूचकहरु निर्धारण गरिएका छन्। सशक्तिकरणको जुनसुकै अवसर उपयोग गर्ने गरि कार्यान्वयनमा लक्षित महिलालाई नै संलग्न गराउने विधिहरु अपनाइएका छन्। सामुहिक गतिशिलतालाई बढवा दिन समुह सदस्यहरुको व्यक्तित्व विकास गर्ने गरि अनुशिक्षणका साथै समविकास, आधारभुत, नेतृत्व तथा संस्थागत विकास लगायतका प्रशिक्षण दिने गरिएको छ ।

विपन्न महिलालाई तत्काल आर्थिक सुरक्षाको प्रत्याभुति दिन र अन्तत जेथा जोड्न सघाउन कार्यक्रमको अभिन्न भागको रुपमा समुह बचत परिचालनलाई लिइएको छ । बचत गर्ने बानीसँगै प्राय जागृत हुने आर्थिक आत्मनिर्भरता र ब्यावसायिकताको भावनालाई कार्यक्रम अन्तरगत प्रोत्साहन दिने गरि गरिएको छ ।खास गरि विपन्नतम सदस्यहरुमा केन्द्रित भएर उनीहरुले नै पहिचान गरेको अर्थोपार्जनको अवसर उपयोग गर्न सीप तथा व्यावसायिकता प्रशिक्षण, बजार सम्बन्ध र न्युनतम स्तरमा व्यवसाय प्रारम्भ

गर्न चाहिने अनुदान सहित व्यावसायिक समुह अग्रसर भई स्वरोजगारीका व्यवसायबाट उल्लेखनिय आम्दानी गर्न सफल भएका छन ।

ग्रामीण ऋणग्रस्तता घटाउन समुह बचत परिचालनबाट त्यत्तिकै योगदान पुगेको छ ।शिक्षाको अवसरबाट बञ्चितका लागि वैकल्पिक विद्यालयको रुपमा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अवसर मात्र नभएर जीवनमा नजानेका कुरा जान्ने मौका, केही आँट गर्नेहरुका लागि थाल्ने मौका र चित्त नबुझेको अवस्थामा नेतृत्व लिई अघि सर्ने मौका प्राप्त गर्न यो कार्यक्रम महत्वपुर्ण रही आएको छ ।त्यसैले जँहा महिला विकास कार्यक्रम हुन्छ त्यहाँ विपन्न महिलाले कुनै अवसर पाइएन भनेर निरास हुनुपर्ने अवस्था हुँदैन।'

सङ्कटापन्न बालबालिका, विद्यालयविमुख किशोरी, मुक्त कमलरी लक्षित क्रियाकलाप समेत महिला संस्थाहरुबाटै एकीकृत रुपमा सञ्चालन गर्दा प्रभावकारी भैरहेका छन्। कार्यक्रम अन्तरगत त्यस प्रकारका रचनात्मक अग्रसरतामा समेत सहयोग गरिएको छ । समग्रमा महिला विकास कार्यक्रम विपन्न महिलाका लागि हुँदाहुँदै विपन्न महिलाले गर्ने अभियानको रुपमा विकसित भैरहेको छ ।

## कार्यक्रमको ध्येय

"सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ" महिला विकास कार्यक्रमको ध्येय हो। अर्थात विपन्नताकै अवस्थामा पनि महिलामा रहेको अभिकार्यलाई सार्थक बनाउँदै किनारामा रहेको अवस्थाबाट मूलप्रवाहमा पुग्न सदस्यहरुको गतिशिलतालाई बढवा दिने ध्येय कार्यकर्मको रहेको छ । विपन्न महिलाहरु पनि आफू र आफू जस्ता अरुको जीवन परिवर्तनाका लागि अग्रसर बनि उपलब्धी हासिल गर्न सक्षम छन् भन्ने मानिएको छ ।

## लक्षित समुह

महिला विकास कार्यक्रम खासमा ग्रामीण क्षेत्रमा विपन्न महिलाहरुका लागि हो । ग्रामीण भन्नाले नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाका मोफसल पनि जानिन्छ र त्यस्तै विपन्न महिला भन्नाले देहायको कुनै एक वा दुवै अवस्थाका महिलालाइ जनाउँछ :-

१ आफ्नो जग्गा जमिन वा नियमित आम्दानीबाट वर्षदिन खान नपुग्ने आर्थिक रुपमा बञ्चित र

२ विद्यालय तह सम्मको शिक्षा पुरा गर्न नपाएका शैक्षिक रुपमा वञ्चित ।

उल्लिखित एक वा दुवै अर्थमा वञ्चित ग्रामीण क्षेत्रका विपन्न महिलाहरु तर्फ महिला विकास कार्यक्रम लक्षित छ । समाजमा ब्याप्त पितृसत्तात्मक सोचका कारण सिर्जित विभेद, अभाव र निराशामा बाँची रहेको महिलाको अवस्थाबाट समानता, सम्पन्नता र उत्साहको अवस्थामा कसरी पुर्‍याउने भन्ने

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश

चिन्ताको विषय हो । महिला विकास कार्यक्रम प्रत्येक विपन्न महिलाको जीवनमा सकारात्मक परिवर्तनका लागि केन्द्रित रही आएको छ ।महिला विकास कार्यक्रमको परिकल्पना समतामय सम्पन्न समुदाय निर्माण गर्ने रहेको छ । परिकल्पनालाई साकार पार्न स्वावलम्बन, एकता, सहभागिता, समता, इमान, स्थानीयता, छर्लङ्गता, भूलसहनशीलता जस्ता मूल्य मान्यताहरुमा विश्वास गरी कार्यक्रमलाई अगाडि बढाइएको छ।

## कार्यक्रमको उद्देश्य, आयाम तथा प्राथमिकता

गाउँ, बस्ती र स्थआनीय तहको वडास्तरमा सङ्गठित मात्र गर्ने नभई कार्यक्रममा आबद्ध प्रत्येक सदस्यको जीवनमा सार्थक परिवर्तनका लागि कार्यक्रमका तीनवटा आयाम र पाँचवटा प्राथमिकता निर्धआरण गरिएका छन् । यी पाँचवटा प्राथमिकताका क्षेत्रमा लक्षति महिलाको सशक्तीकरणको न्यूनत्तम स्तार हासिल गर्नु नै कार्यक्रमको उद्धेश्य रहेको छ । सशक्तीकरणको न्यूनत्तम स्तर देहायबमोजिम परिभाषित गरिएको छः

- लैङ्गिक समताः- महिला विरुद्ध लगाइएका सम्पूर्ण अवान्छित छेकबार जन्य चलनको सबैले अवज्ञा गरिएको, महिलाका व्यावहारिक लैङ्गिक आवश्यकताको संवोधन भएको, घरपरिवार तथा समुदायमा सकारात्मक कार्य (Affirmative Actions) लाई बढवा दिइएको अवस्था सिर्जना गर्ने,
- प्रजनन स्वस्थताः- समूह सदस्य सबैलाई प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान भएको, आफ्ना समस्या बताउनेअनि उपचार उराउने तत्परता रहेको र पारिवारिक असंवेदनशिलताको अवस्थामा छिमेकी संवेदनशीलता बाट उपचार प्रासिमा सहयोग पुऱ्याई प्रजनन स्वास्थ्यको समस्या समाधान गर्ने।
- जीवनोपयोगी शिक्षाः- सबै विपन्न दिदी-बहिनीहरुले आफूलाई व्यक्त गर्ने अर्थात आफूमा अन्तरनिहीत क्षमताको उजागर गर्ने, अर्काका कुरा सहि वा गलत के छ? फरख गरी छुट्याउन सक्ने र  विभिन्न परिस्थितिमा आफैं निर्णय लिने आत्मविश्वास बढाउने।
- पुगीसरी सम्पन्नताः- सबै सदस्यहरुको वर्षैभरि खान पुग्ने आयस्रोत हुने, भैपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत हुने र विद्यालय तहसम्मको शैक्षिक एंव स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत भएको अवस्थामा पुऱ्याउने।
- संस्थागत सहभागिताः- कहाँ के भैरहेको छ जानकारी लिन, बुझ्न बाहिरी सञ्चार कायम भएको, घर परिवारबाट समुह हुँदै वडा भरिका दिदी-बहिनीहरुसँगको विस्तारित साथ बनेको, सदस्यहरुले आवश्यकता अनुसार कहिले नेतृत्व लिने वा कहिले अनुयायित्व बहन गर्दै नेतृत्वलाई घचघच्याउने क्रियाशिलता सहित प्रत्येक विपन्न सदस्यले सामुदायिक सङ्गठनको सदस्यता प्रास गर्न सक्षम हुने परिपाटी बसाल्ने ।

यसरी लक्षित विपन्न महिलाले कम्तीमा पनि माथि उल्लिखित अवस्था प्रास गरेमा मात्र सशक्तिकरणको न्यूनत्तमस्तर हासिल भएको मानिनेछ ।यसका लागि सहभागी महिलाको सङ्गठित अग्रसरता अपरिहार्य

छ । अर्थात सदस्यहरुको सामुहिक प्रयासबाट नै [illegible]को न्यूनत्तमस्तर हासिल हुन्छ भन्ने विश्वास गरिएको छ ।

तत्कालिन जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयले प्रत्येक वर्ष विपन्न महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि हरेक वर्ष विविध कार्यक्रमहरु गर्ने गर्दथ्यो। तर नेपालमा संघियता लागु भए पश्चात महिला तथा बालबालिका कार्यालयले गर्ने कार्यक्रमहरु हाल प्रत्येक स्थानिय तहहरु बाट सेवा प्रदान गर्दै आएको छ ।यस अन्नपुर्ण गाउँपालिकाको कार्यालयमा रहेको माहिला तथा बालबालिका शाखाले प्रत्येक आर्थिक वर्षमा गाउँपालिका भित्रका विपन्न दलित जनजाती महिलाहरुका लागि कार्यक्रमहरु तय गरी सञ्चालन गर्दै आईरहेको छ र यस आ.व. २०७८/७९ मा पनि विविध कार्यक्रमहरु सञ्चालन गरेको थियो ।

# आ.व. २०७८/७९ मा स्वीकृत कार्यक्रमहरू

| क.सं. | कार्यक्रमहरुको विवरण | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा अभियानहरु | ८ वटै वडा | १००००० | |
| २ | ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो कपडा वितरण कार्यक्रम | ८ वटै वडा | ३००००० | |
| ३ | अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम | ८ वटै वडा | ३००००० | |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम तथा सामग्री वितरण | ८ वटै वडा | २००००० | |
| ५ | दलित समुदायका लागि आय आर्जन मुलक/पशुपालन तथा सामाग्री वितरण कार्यक्रम | ८ वटै वडा | ५००००० | ८० % अनुदानमा |
| ६ | उपाध्यक्षसँग सुत्केरी महिला र बच्चा भेटघाट तथा सामग्री वितरण कार्यक्रम | ८ वटै वडा | ४००००० | |
| ७ | महिला तथा बालबालिकाहरुका लागि कार्यक्रम (समुह बालक्लब /सञ्जाल सचेतनामुलक कार्यक्रम) | ८ वटै वडा | १००००० | |
| ८ | महिला लक्षित आय आर्जन कार्यक्रम | | | |
| | महिला समूहका लागि मेशिन तथा सामग्री खरिद वितरण कार्यक्रम | १ नं. वडा | १५०००० | ८० % अनुदानमा प्रविधि हस्तान्तरण |
| | महिला दिदीबहिनीहरु (दलित, जनजाती) का लागि सिलाई कटाई तालिम | २ नं. वडा | १५०००० | |
| | सिलाई कटाई तालिम गर्ने महिलाहरुका लागि सिलाई मेशिन वितरण | ३ नं. वडा | १५०००० | |
| | महिलाहरुका लागि सिपमूलक तालिम (सिलाई कटाई) | ४ नं. वडा | १५०००० | |
| | महिला दलित जनजाती युवा (पुरुष) हरुका लागि आय आर्जन तथा सिपमूलक तालिम (सिस्नुको पाउडर बनाउने) तथा प्रविधि हस्तान्तरण | ५ नं. वडा | १५०००० | |
| | महिला (विपन्न, दलित, जनजाती, क्षेत्री, ब्राह्मण) कृषकहरुलाई पलाष्टिक टनेल वितरण कार्यक्रम | ६ नं. वडा | १५०००० | |
| | आमा समूह भवनको व्यवस्थापन तथा सामग्री खरिद तथा वितरण | ७ नं. वडा | १००००० | |
| | गिद्धेश्वर साबुन उद्योग समूहका लघु उद्यमीहरु (महिला र पुरुष दुवै) लाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम | ७ नं. वडा | ५०००० | |
| | युवा तथा महिला समूहका लागि ४५ दिने सिलाई कटाई तालिम | ८ नं. वडा | १५०००० | |
| | जम्मा | | ३१००००० | |

## आ.व. २०७८/७९ मा स्वीकृत कार्यक्रमहरुको प्रगति विवरण:-

| क्र.सं. | कार्यक्रमहरुको विवरण | वडा नं. | लाभान्वित संख्या | स्वीकृत रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा अभियानहरु | ८ वटै वडा | | १००,००० | ७८,९५५ | |
| २ | ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो कपडा वितरण कार्यक्रम | ८ वटै वडा | १२० जना | ३००,००० | ३००,००० | |
| ३ | अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम | ८ वटै वडा | - | ३००,००० | - | |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम तथा सामग्री वितरण | ८ वटै वडा | | २००,००० | २००,००० | अपाङ्गता दिवसका दिन ९ जना अपाङ्गता भएका लघु उद्यमीहरुलाई सम्मान |
| ५ | दलित समुदायका लागि आय आर्जन मुलक/पशुपालन तथा सामाग्री वितरण कार्यक्रम | ८ वटै वडा | ९४ जना | ५००,००० | ४८४,३८८ | ८० % अनुदानमा |
| ६ | उपाध्यक्षसँग सुत्केरी महिला र बच्चा भेटघाट तथा सामग्री वितरण कार्यक्रम | ८ वटै वडा | १६० जना | ४००,००० | ४००,००० | |
| ७ | महिला तथा बालबालिकाहरुका लागि कार्यक्रम (समुह बालक्लब/सञ्जाल सचेतनामुलक कार्यक्रम) | ८ वटै वडा | ८६ जना | १००,००० | ११,९०० | |
| ८ | **महिला लक्षित आय आर्जन कार्यक्रम** | | | | | |
| | महिला समूहका लागि मेशिन तथा सामग्री खरिद वितरण कार्यक्रम | १ नं. वडा | २ समुह | १५०,००० | १४९,९६० | ८० % अनुदानमा प्रविधि हस्तान्तरण |
| | महिला दिदीबहिनीहरु (दलित, जनजाती) का लागि सिलाई कटाई तालिम | २ नं. वडा | - | १५०,००० | - | |
| | सिलाई कटाई तालिम गर्ने महिलाहरुका लागि सिलाई मेशिन वितरण | ३ नं. वडा | १० जना | १५०,००० | १५०,००० | |
| | महिलाहरुका लागि सिपमूलक तालिम (सिलाई कटाई) | ४ नं. वडा | ७ जना | १५०,००० | १४३,६९१ | |
| | महिला दलित जनजाती युवा (पुरुष) हरुका लागि आय आर्जन तथा सिपमूलक तालिम (सिस्नुको पाउडर बनाउने) तथा प्रविधि हस्तान्तरण | ५ नं. वडा | १३ जना | १५०,००० | १०३,५७० | |
| | महिला (विपन्न, दलित, जनजाती, क्षेत्री, ब्राह्मण) कृषकहरुलाई प्लाष्टिक टनेल वितरण कार्यक्रम | ६ नं. वडा | ३८ जना | १५०,००० | १५०,००० | |
| | आमा समूह भवनको व्यवस्थापन तथा सामग्री खरिद तथा वितरण | ७ नं. वडा | ३ समुह | १००,००० | १००,००० | |
| | गिद्धेश्वर साबुन उद्योग समूहका लघु उद्यमीहरु (महिला र पुरुष दुवै) लाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम | ७ नं. वडा | २ समुह | ५०,००० | ५०,००० | |
| | युवा तथा महिला समूहका लागि ४५ दिने सिलाई कटाई तालिम | ८ नं. वडा | १३ जना | १५०,००० | १२७,०७९ | |
| | **जम्मा** | | | ३,१००,००० | २,४४९,५४३ | |
| | **बाँकी रकम जम्मा** | | | ६५०,४५७ | | |

## आ.व. २०७८/७९ का कार्यक्रमहरुको समीक्षाः-

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गण्डकी प्रदेश

अन्नपुर्ण गाउँपालिकाका ८ वटै वडाहरुका दिदीबहिनीहरुका लागि विभिन्न तालिम तथा सामग्री वितरणका कार्यक्रमहरु गरिएको थियो। बजेट विनियोजनका क्रममा कम रकम तर्जुमा गरिएको हुँदा तालिम सञ्चालनका समस्या उत्पन्न भएको थियो भने कुनै तालिमहरु सञ्चालन गर्न सकिएन । अपाङ्गता परिचय पत्र सिविर विविध कारणले गर्दा सञ्चालन हुन सकेन।

अन्नपुर्ण गाउँपालिकाका वडाहरुमा गई महिला/आमा समुहहरु गठन गरि बचत संकलन तथा परिचालनका लागि प्रशिक्षण गरियो भने सञ्चालन हुने तालिम तथा कार्यक्रमहरुमा उक्त समुहहरुका सदस्यहरु सहभागि गराई तालिम बाट प्राप्त सिप तथा क्षमतालाई निरन्तरता दिन र आर्थिक स्तर उकास्नका लागि ८०% अनुदानमा मेशिनरी सामानहरु वितरण गरिएको थियो।

दलित समुदायहरुका लागि कार्यक्रम सञ्चालनमा निकै कठिनाईहरु उत्पन्न भएका थिए । दलित समुदायका लागि कार्यक्रम वडामा गएर प्रत्यक्ष दलित समुदायका व्यक्तिहरुसँग छलफल गरि उहाँहरुको आवश्यकता तथा माग के रहेको छ? सोको आधारमा रहेर सञ्चालन गरिएको थियो । आवश्यकता र माग अनुसार सबै जसो व्यक्तिहरुले पहिलै देखि गर्दै आएको कामकाजका लागि मेशिनरी सामानहरु र पशुपालनका लागि बाख्रा र कुखुराका चल्लाहरु वितरण गरिएको थियो। उक्त कार्यक्रम ८०% अनुदानमा सञ्चालित रहेको थियो भने बजेटको सिमा भित्र रहेर काम गर्दा धेरै ब्यक्तिहरुलाई समेट नसक्नु, २०% रकम लाभग्राहीबाट संकलनमा कठिन पर्न गएको थियो।

अन्नपुर्ण गाउँपालिका भित्र बसोबास गर्दै आउनु भएका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सम्मान तथा सहयोगका लागि न्यानो कपडा वितरण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम एक वडा बाट १५ जना ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको लागि सामग्रीहरु वितरण गरिएको थियो। यो कार्यक्रम एकदमै प्रभावकारी भएको थियो तर सिमित बजेटका कारण सबै ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई समेटन सकिएन ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा अभियानहरु विविध कार्यक्रम गरि वडा तथा पालिका स्तरमा कार्यक्रम गरि मनाइयो । अन्तराष्ट्रिय अपाङ्गता दिवसका अवसरमा अन्नपुर्ण गाउँपालिकाका ८ वटै वडामा रहेका अपाङ्गता भएका व्यक्तिहरु जो अपाङ्गता भएर पनि आफ्नै दममा व्यवसाय गरेर बस्नु भएका ९ जना लघु उद्यमीहरुलाई थोरै आर्थिक सहयोग गरी दोसल्ला ओढाएर सम्मान गरिएको थियो । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्नपुर्ण-३, दानामा लैंगिक हिंसा, लैंगिक समानता, घरेलु हिंसा आदि विषयमा भएका ऐन कानुन, दण्ड सजाय र भइरहेका र हुदै आएका हिंसाहरुको

जानकारी गराउँदै त्यसको विरोध गर्न र न्युनिकरणका [illegible] गर्नका लागि आह्वान गरि सम्पन्न गरिएको थियो।

अन्तराष्ट्रिय नारी दिवस ८ वटै वडामा प्रचार प्रसार तथा जानकारी होस् भन्ने हेतुले ८ वटै वडामा मनाइएको थियो भने चौथो राष्ट्रिय महिला अधिकार दिवस गाउँपालिकाको कार्यालयमा सञ्चालन गरि महिला अधिकारका विषयहरु, लैंगिक समानता, समावेशीकरण जस्ता विषयहरुका बारेमा जानकारी प्रदान गरि मनाईएको थियो। साथै प्रथम राष्ट्रिय जेष्ठ नागरिक दिवसका अवसरमा अन्नपुर्ण गाउँपालिकाका ८ वटै वडाका सबै भन्दा जेष्ठ नागरिक अन्नपुर्ण-१, दोबा का १०७ वर्षिय मन बहादुर राम्जाली लाई दोसल्ला ओढाएर (एक सेट सिरक डसना, फलफुल) सम्मान गरि मनाइयो ।

अन्नपुर्ण-१, दोबामा सञ्चालित लालीगुराँस र प्रगतिसिल समुहका लागि आवश्यक सिलाई मेशिन र सिलाईका सामग्रीहरु हस्तान्तरण गरियो। अन्नपुर्ण-२, भुरुङका लागि सिलाई कटाई तालिम स्वीकृत गरिएता पनि कम बजेटका कारण आगामी वर्षमा निरन्तरता दिने गरि उक्त कार्यक्रम स्थगन गरिएको हो । अन्नपुर्ण-३, दानाको काभ्रेमा ६५ दिने सिलाई कटाइ गर्ने १० जना सहभागि महिलाहरुका लागि उनीहरुको माग र वडा कार्यालयको सिफारिस अनुसार सिलाई मेशिन वितरण गरिएको थियो ।

अन्नपुर्ण-४, नारच्याङमा ६५ दिने सिलाई कटाई तालिम लघु उद्यम विकास मेड्पा कार्यक्रमले सञ्चालन गरेको थियो भने उक्त समुहलाई सिलाई तालिमका लागि आवश्यक मसलन्दहरु महिला तथा बालबालिका शाखाले प्रदान गरेको हो । अन्नपुर्ण-५, शिखमा ५ दिने सिस्नुको पाउडर बनाउने तालिम सञ्चालन गरिएको हो । उक्त कार्यक्रममा १३ जना सहभागी भएका थिए [illegible] मेशिन ८०% अनुदानमा हस्तान्तरण गरिएको थियो।

अन्नपुर्ण-६, घार वडाका महिला दिदीवहिनीहरुको माग अनुसार तरकारी खेतीका लागि पलाष्टिक टनेल ३८ जनालाई ८० % अनुदानमा वितरण गरियो ।भने अन्नपुर्ण-७, हिस्तानका ३ वडा आमा समुह भवनका लागि सामाग्री वितरण गरियो भने गिद्देश्वर साबुन उद्योग का सदस्यहरुलाई साबुन उद्योग गुड्स नेपाल प्रा.लि. गैडाकोटमा अध्ययन अवलोकन भ्रमण लगियो ।

अन्नपुर्ण-८, राम्चेमा ४५ दिने सिलाई तालिम भएता पनि समयको अभावका कारण ३० दिन मात्र गरि समापन गरिएको थियो भने सहभागीहरुले आफ्नै लागतमा बाँकी १५ दिन तालिम गर्नुभएको थियो। उक्त तालिममा ११ जना सहभागिहरुको सहभागिता रहेको थियो । समग्रमा सबै तालिम तथा कार्यक्रमहरु पारदर्शि, निश्पक्ष, नियमसंगत तरिकाले सम्पन्न गरियो।

सविना थापा

सहायक महिला विकास निरिक्षक